Regd. No. 1300/067/06
PAN: 60023200

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटे
Hydroelectricity Investment And Development Company Lt
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०२१/८२
च.नं. (Ref. No.): ४३०

मिति २०८१।१०।३०

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय : **आ.व. २०८१।८२ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ मा भएको व्यवस्था बमोजिम यस कम्पनीको आ.व. २०८१।८२ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन तोकिएको निर्दिष्ट ढाँचामा तयार गरी यसैसाथ संलग्न गरी तहाँको जानकारीको लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

भवदीय

सुरज ज्ञवाली
अधिकृत (वित्त)

CDS and Clearing Ltd.

बोधार्थ :

श्री नेपाल राष्ट्र बैंक,गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग वालुवाटार, काठमाण्डौं ।
श्री नेपाल स्टक एक्स्चेन्ज लि. सिंहदरवार प्लाजा, काठमाण्डौं ।
श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाण्डौं ।

Received

HYDROELECTRICITY INVESTMENT AND DEVELOPMENT COMPANY LIMITED
NEW BANESHWOR, KATHMANDU
UNAUDITED FINANCIAL STATEMENTS
AT THE SECOND QUARTER ENDING ON 29.09.2081 (13.01.2025)
OF THE FISCAL YEAR 2081/82

In Rupees 000

Statement of Financial Position Particulars	This Quarter Ending 29th Poush 2081	Previous Quarter Ending 30TH Ashoj 2081	Corresponding Previous Year Quarter 29th Poush 2080
ASSETS			
Non Current Assets	**11,738,503**	**11,628,612**	**10,763,331**
Intangible Assets	4,680	5,014	6,017
Property Plant and Equipments	7,021	7,450	6,747
Right-of-use Assets	54,220	56,613	59,727
Investment Work in Progress	2,915	2,915	2,915
Deferred Tax Assets	-	-	5,353
Financial Instruments	-	-	-
Investment in Equity	4,528,813	4,332,313	3,232,813
Investment in Corporate Bonds	80,000	80,000	80,000
Loan to Power Projects (Net)	7,060,855	7,144,306	7,369,759
Current Assets	**17,367,551**	**17,854,851**	**15,338,565**
Prepayments and Advances	23,221	9,910	4,664
Current Tax Assets	92,513	-	-
Inventory	371	371	173
Financial Instruments	-	-	-
Accrued Income	36,455	33,258	36,984
Staff Advances and Loans	1,260	1,157	545
Term Deposits with Banks	16,910,000	17,280,000	14,760,000
Cash and Bank Balances	303,732	530,155	536,200
TOTAL ASSETS	**29,106,054**	**29,483,462**	**26,101,896**
EQUITY AND LIABILITIES			
Equity	**28,035,296**	**29,010,112**	**24,666,559**
Paid Up Share Capital	24,559,813	24,559,813	22,775,799
Reserves	3,475,483	4,450,298	1,890,760
Liabilities			
Non Current Liabilities	**242,574**	**171,032**	**74,582**
Retirement Benefit Obligations	5,732	5,732	5,309
Lease Liabilities	65,479	65,901	69,272
Deferred Tax Liability	171,363	99,399	-
Current Liabilities	**828,184**	**302,319**	**1,360,755**
Provisions	49,168	45,480	31,208
Current Tax Liability	-	108,226	17,442
Other Financial Liabilities	779,016	148,613	1,312,105
TOTAL EQUITY AND LIABILITIES	**29,106,054**	**29,483,462**	**26,101,896**

Statement of Profit or Loss Particulars	This Quarter Ending 29th Poush 2081	Previous Quarter Ending 30TH Ashoj 2081	Corresponding Previous Year Quarter 29th Poush 2080
Revenue			
Revenue from Contract with Customers	4,703	4,543	12,349
Finance income	758,625	410,456	1,077,545
Dividend Income	17,033	-	10,773
Other income	2,182	1,303	21,196
Expenses	-	-	-
Employee Benefits	(26,960)	(17,257)	(30,591)
Finance Costs	(3,230)	(1,683)	-
Operating and Administrative Expenses	(7,763)	(3,256)	(12,039)
Depreciation and Amortisation	(5,846)	(2,996)	(5,648)
Impairments	-	-	(2,874)
Profit Before Tax	**738,744**	**391,110**	**1,070,711**
Income Taxes	(216,514)	(117,333)	(317,981)
Defered Tax Expenses/Income	-	-	-
Net Profit	**522,231**	**273,777**	**752,730**
Other Comprehensive Income			
Gain/(Loss) on revaluation of Financial Assets (Net of Tax)	978,000	914,400	-
Total Comprehensive Income	**1,500,231**	**1,188,177**	**752,730**

Ratios	This Quarter Ending 29th Poush 2081	Previous Quarter Ending 30TH Ashoj 2081	Corresponding Previous Year Quarter 29th Poush 2080
Basic Earning per share (in Rs.) (Annualised)	4.25	4.46	6.61
Market value per share (in Rs.)	235.0	283.5	185.30
Price Earning Ratio	55.26	63.58	28.03
Current Ratio	20.97	44.45	11.27
Return on Assets (%) (Annualised)	3.59%	3.71%	5.77%
Net worth per share (in Rs.)	114.15	118.12	108.30
Total Assets per share (in Rs.)	118.51	120.05	114.60

Notes

1. Above figures are subject to change upon instructions of statutory auditors.
2. Company has estimated impairment based on the risk assemment on its investment.
3. The coupon rates approximately reflects the effective interest rate as there are no other incremental costs of charges
4. Staff Bonus, included in the heading "Employee Benefits", is subject to approval from Government of Nepal
5 Gain on revaluation of Finanical Assets has been calculated by consideing the NEPSE price of Rs 676 dated 1/13/2025
6. Previous year's figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current years's classification/disclosure.

Hydroelectricity Investment & Development Co. Ltd. ★ Kathmandu, 2011 ★

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक अवधिको बिवरण

१. वित्तीय बिवरण

त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान सम्बन्धी बिवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संलग्न गरिएको छ।

२. व्यवस्थापकीय विश्लेषण

(क) कम्पनीबाट हालसम्म ४० बटा आयोजनामा रु ५५ अर्ब ३४ करोड लगानी स्वीकृत भएकोमा रु १३ अर्ब ८६ करोड प्रवाह भई रु ४१ अर्ब ४८ करोड प्रवाह हुन बाँकी रहेको छ। स्वीकृत लगानीको रकम अपेक्षा अनुसार समयमा प्रवाह हुन नसक्दा बैंक मौज्दातमा बृद्दि भएको छ।

(ख) कम्पनीबाट जलविद्युत परियोजनामा प्रवाह भएको कर्जामध्ये समीक्षा अवधिको अन्त्यसम्ममा रु. ७ अर्ब ६ करोड कर्जा बाँकी रहेको छ। सञ्चालनमा आएका आयोजनाहरुबाट कर्जा भूक्तानी तालिका अनुरुप नियमित रुपमा कर्जा असूली भईरहेको छ। यसैगरी, आ.व. २०८१/८२ को पौष मसान्तसम्ममा वजार मूल्य अनुसार स्वपूँजी लगानी अन्तर्गत सार्वजनिक एवम् निजी क्षेत्रबाट प्रवर्द्धित जलविद्युत तथा नविकरणिय ऊर्जा सम्बन्धि परियोजना/कम्पनीहरुमा रु. ४ अर्ब ५२ करोड (लागत मूल्य अनुसार रु ३ अर्ब ३८ करोड) स्वपूँजी लगानी भएको छ।

(ग) कम्पनीले आफ्नो सहायक कम्पनी मार्फत् अघि बढाएको घुन्सा खोला र सिम्बुवा खोला जलविद्युत आयोजनाहरुको शेयर संरचनामा नेपाल विद्युत प्रधिकरण र विद्युत उत्पादन कम्पनी लिमिटेड समेतलाई सहभागी गराइ शेयर संरचना परिवर्तन गरिएको छ। घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत खरिद विक्री सम्झौता र वित्तीय व्यवस्थापनको कार्य सम्पन्न भइसकेको छ। सिम्बुवा खोला जलविद्युत आयोजनाहको निर्माण पूर्वका अन्य कार्यहरु सम्पन्न भइ विद्युत खरिद विक्री सम्झौता र वित्तीय व्यवस्थापनको पक्रीयामा रहेका छन् ।

(घ) कम्पनीले समीक्षा अवधिको अन्त्यसम्ममा गत वर्षको सोहि अवधिको तुलनामा कर अघिको मुनाफामा ३१ प्रतिशतले घट्न गइ रु. ७३ करोड ८७ लाख आर्जन गरेको छ। यस अवधिमा बैंकको व्याजदरमा व्यापक गिरावट आई कम्पनीबाट भएको लगानीको प्रतिफलमा नकारात्मक असर पर्न गएका कारण नाफा घट्न गएको हो।

३. कानूनी कारबाही सम्बन्धी बिवरण

यस अवधिमा कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धमा कुनै पनि मुद्धा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	कारोबार भएको शेयर संख्या	कारोवार रकम (रु.)
२९६.७	२२५.४	२३५	५५	२७,८३७	६,९४३,३८१	१,८३०,६७६,८८७.५८

५. समस्या तथा चुनौती

(क) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको कार्यदेश बमोजिम अन्य वैकल्पिक वित्तीय साधनबाट वित्तीय स्रोत परिचालन गरी लगानी अभिवृद्धि गर्ने कार्य चुनौतीपुर्ण रहेको छ ।

(ख) कम्पनी जलविद्युत तथा अन्य नविकरणिय ऊर्जाको क्षेत्रमा लगानी गर्ने विशिष्टिकृत संस्था भएकोले लगानी विस्तार हुदै जाँदा स्वभाविक रुपले जोखिम व्यवस्थापनमा वढी सजग र सतर्क हुनुपर्ने आवश्यकता देखिएको छ।

(ग) कम्पनीको व्यवसायको बृद्धि सँगसँगै संस्थागत सुदृढीकरण र क्षमता विकास गदै लैजानु पर्ने आवश्यकता रहेको छ ।

६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन कायम राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न संस्थागत सुशासन मार्गदर्शन, २०७९ र आन्तरिक नियन्त्रण प्रणाली, २०७९ लगायत विभिन्न जोखिमहरू न्यूनिकरण गर्न सञ्चालक समितिद्वारा नीति निर्देशिकाहरु पारित गरी लागू गरिएको छ। कम्पनीको चुस्त कार्य सम्पादन तथा सुशासन अभिबृद्धि गर्नको लागि सञ्चालक समिति अन्तर्गत जोखिम ब्यवस्थापन समिति, लेखापरीक्षण समिति, मानव संशाधन तथा क्षतिपूर्ति ब्यवस्थापन समिति, सम्पति तथा दायित्व व्यवस्थापन समिति लगायत समितिहरुको ब्यवस्था गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011